**BMC Research Journal**
**ISSN**: 2795- 1731,
Peer-reviewed Multidisciplinary
Open Access Journal
Indexed in Journal

**Birendra Bidhya Mandir Campus**
Tikapur, Kailali, Nepal
Url:www.birendracampus.edu.np

Research Article

# लोकगीत सिद्धान्तका आधारमा आठहजारी तिजगीतको विश्लेषण

**डम्बरबहादुर पुन, पि.एचडी.स्कलर**
उपप्राध्यापक / सदस्य
त्रिवि अनुगमन निर्देशनालय
कीर्तिपुर, नेपाल

---

Published by: Research Management Cell, BMC, Tikapur, Kailali, Nepal
Publication: June 2025, Volume: 4, BMC Research Journal
Corresponding author: Dammar Bahadur Pun, dambarpun06@gmail.com
Orcid: https://orcid.org/0009-0008-9548-6336
Copy right@ The Author (s). The publisher may reuse the article(s) as per the prior permission of the concerned author(s).
DOI: 10.3126/bmcrj.v4i1.80138

---

## लेखसार

प्रस्तुत लेखमा आठहजार क्षेत्र सल्यान जिल्लाको कपुरकोट गाउँपालिका र रोल्पा जिल्लाको त्रिवेणी गाउँपालिकामा प्रचलित तिजगीतको विश्लेषण गरिएको छ । तिजगीतको विश्लेषण गर्ने क्रममा पहिले सिद्धान्तको चर्चा गरी निष्कर्ष निकालिएकाले यसमा निगमनात्मक विधिको प्रयोग गरिएको छ । तिजगीत विश्लेषण गर्नका लागि लोकगीतका महत्त्वपूर्ण तत्त्वहरू प्रस्तुति, विषयवस्तु, साहित्यिकता, संरचना र भाषाशैली आदिलाई आधार लिइएको छ । यसका लागि विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । विश्लेषणका क्रममा तिजगीतमा अटलसौभाग्यका सामग्री पहिरिएर मादल, बाँसरी, मुजुरा, खैँजडीजस्ता वाद्य सामग्रीसहित वा वाद्य सामग्री नबजाई ताली मात्र बजाएर पनि नृत्यका साथमा प्रस्तुत गर्ने गरेको पाइन्छ । यसरी प्रस्तुत गरिएको तिजगीतमा यस क्षेत्रको भूगोल, यहाँको समाज, यहाँका बासिन्दाले मान्ने धर्म संस्कृति, यस क्षेत्रको आर्थिक अवस्था, यहाँका नारीले भोगेको जीवन, यस क्षेत्रको प्रकृतिजस्ता विषयवस्तु समेटिएका पाइन्छन् । संरचनाका हिसाबले यी तिजगीतका पहिलो पङ्क्ति र दोस्रो पङ्क्ति फरकफरक संरचनाका साथ प्रस्तुत भएका पाइएका छन् । माथि हेर्दा कालो लेख कैलास भन्ने गीतको पहिलो पङ्क्ति २३ अक्षर र दोस्रो पङ्क्ति २५ अक्षर, माथिबाट सुवाचरी झर्‍यो भन्ने गीतको पहिलो पङ्क्ति १९ अक्षर र दोस्रो पङ्क्ति २१

अक्षरका साथ प्रस्तुत भएका पाइन्छन् । यसरी यस क्षेत्रका तिजगीतहरू ११, १३, १९, २३ र २५ अक्षरका अनेक संरचनाका साथ प्रस्तुत भएका पाइन्छन् । यी तिजगीतहरू शृङ्गार, करुण रसका साथै अन्य रसहरू र श्रुत्यनुप्रास, वृत्त्यनुप्रास, उपमा, उत्प्रेक्षा, अतिशयोक्ति, स्मरण अलङ्कार आदिका साथै विम्ब, प्रतीकजस्ता साहित्यिक विशेषताले ओतप्रोत भएका भेटिन्छन् । भाषाशैलीका हिसाबले यी तिजगीतहरूमा मूलः रूपमा खसानी उपभाषिका र आंशिक रूपमा पर्वती उपभाषिकाका स्थानीय शब्द, अनुकरणात्मक शब्द, द्वित्व, थेगा, रहनी र निपातको प्रयोग भएको पाइन्छ । लोकजीवनले आफ्ना मनका भावना पोख्ने क्रममा छोरी (छाडेर), मोल (मुल्य ), तइँ ( त्यहाँ), सुकिला (सफा) आदि स्थानीय भाषिकाका शब्दहरूको प्रयोग गरेको देखिन्छ । यी गीतमा लोकजीवनले पचाइसकेका झपक्कै, लपक्कै, थपक्कै-जस्ता अनुकरणात्मक शब्द र ढिकढाक, झनझन आदि द्वित्व शब्दको प्रयोगले गीतलाई श्रुतिमधुर बनाउने काम गरेका छन् । यसै गरी नि, लै, त जस्ता निपात र बरिलै आदि थेगाको प्रयोगले अभिव्यक्तिमा चमक थप्ने, चोटिलो बनाउने वा चमक थप्ने काम गरेका छन् । यसप्रकारका तिजगीतको अध्ययनबाट लोकगीतका अध्येता तथा लोकगीतप्रति चासो राख्ने व्यक्तिहरू विशेष लाभान्वित हुने देखिन्छ ।

**मुख्य शब्दावली :** नृत्यवाद्य, रस, अलङ्कार, संरचना, खसानी

## अध्ययनको पृष्ठभूमि

आठहजार क्षेत्रभित्र सल्यान जिल्लाको कपुरकोट गाउँपालिका र रोल्पा जिल्लाको त्रिवेणी गाउँपालिकाको भूभाग पर्दछ । यस क्षेत्रमा अनेक जातजातिका मानिसको बसोबास भए तापनि यहाँ सामान्यतया धार्मिक, सांस्कृतिक एवम् भाषिक रूपमा एकता पाइन्छ । यहाँ अनेक प्रकारका लोकगीतहरू प्रचलनमा रहेको पाइन्छ । ती गीतमध्ये तिजगीत पनि एकप्रकारको लोकगीत हो । यहाँ पाइने यिनै तिजगीतको निगमनात्मक र विश्लेषणात्मक विधिबाट अध्ययन गर्ने काम यस अध्ययनमा गरिएको छ । यी तिजगीतहरूलाई सामान्यतया मादल, बाँसुरीलगायतका वाद्य सामग्री तथा नृत्यका साथमा प्रस्तुत गर्ने गरिन्छ । यहाँका तिजगीतमा यस क्षेत्रको भूगोल, समाज, धर्मसंस्कृति, नारी जीवन, आर्थिक अवस्था र यहाँको प्रकृतिका विषयवस्तुहरू समावेश भएको पाइन्छ । यस क्षेत्रका तिजगीतहरू रस, अलङ्कार, विम्ब, प्रतीकका हिसाबले सशक्त देखिन्छन् । यी तिजगीतहरू अनेक प्रकारका संरचनाका साथ प्रस्तुत भएको भेटिन्छ । यी गीतमा मूल रूपमा खसानी उपभाषिका र आंशिक रूपमा पर्वती उपभाषिकाका शब्दहरूको प्रयोग भएको पाइन्छ । लोकगीत सिद्धान्तका आधारमा यी तिजगीतको विश्लेषण गर्ने काम यस अनुसन्धानमूलक लेखमा गरिएको छ ।

## लोकगीतको सैद्धान्तिक पर्याधार

सामान्यतया जनसाधारणले सजिलैसँग गाउन सक्ने र सजिलै बुझ्न सक्ने गीतलाई लोकगीत भनिन्छ । यी गीतमा स्थानीय मन, मुटु र माटोसँग साइनो गाँसिएको पाइन्छ । दिनभरिको थकाइ मेट्न, दुःखका समयमा मनको बह पोख्न, सुखमा हाँसो ठट्टा गर्न र फुर्सदको समयमा मनोरञ्जन प्रदान गर्न लोकगीतको महत्त्वपूर्ण भूमिका हुन्छ । लोकगीतले बैँसालु मनभित्रका उल्लास र वेदनाहरू, बालवयका चञ्चलताहरू, प्रौढ जीवनका मृगतृष्णा र असन्तोषहरू र बुढ्यौलीका राग र विागहरूलाई एक गलाबाट अर्को गलामा सम्प्रेषित गरेको भेटिन्छ (पुन, २०८१, पृ.२) । यसप्रकारका लोकगीतहरू संसारभरि छरिएर रहेका पाइन्छन् ।

लोकगीतको सैद्धान्तिक पक्षको अध्ययनका लागि विभिन्न विद्वान्हरूका लोकगीतसम्बन्धी धारणाहरूको चर्चा आवश्यक हुन्छ । लोकगीत भनेको के हो भन्ने सम्बन्धमा विश्वभरिका विद्वान्हरूले भिन्न भिन्न किसिमका विचारहरू अभिव्यक्त गरेको देखिन्छ । हिन्दी साहित्यका अध्येता श्याम परमारले *मालवी लोकसाहित्य* (इ. १९६९) मा लोकगीत प्रकृतिको उद्गार हो, जो तडकभडकबाट टाढा रहेको पारदर्शी सिसाजस्तै स्वच्छ हुन्छ, सरलता, रसमाधुर्य र लयात्मकता यसका गुण हुन्, लोकगीत परम्पराको महानदी हो, जसमा ससाना नदी मिसिएका हुन्छन् भन्ने धारणा व्यक्त गरेको पाइन्छ (पृ. ३०) । यसैगरी हिन्दी साहित्यका अर्का अध्येता सत्येन्द्रले *लोकसाहित्य विज्ञान* (इ. १९७१) मा लोकगीतमा लोकमानसको आभास अभिव्यक्त भएको पाइन्छ, लोकगीत एउटा दैवी वाक्यजस्तै भएकाले यसको कुनै निर्माता र स्वरसन्धाता हुँदैन, यसले मानव समुदायमा स्वयम् उद्धरित भएर कुनै प्रयास विना सजिलै कण्ठबाट कण्ठमा निस्केर आफ्नो परम्परा स्थापित गरेको हुन्छ भन्ने मान्यता राखेको देखिन्छ (पृ. ३२६-३२७) । यसरी नै सन्तराम अनिलले *कन्नौजी लोकसाहित्य* (इ. १९७५) मा लोकगीत सामान्य जनताका संवेदनशील भावुक हृदयका त्यस्ता उद्गार हुन्, जुन सङ्गीतका सुदृढधारामा छन्दोबद्ध भएर प्रवाहित हुन्छन् भन्ने धारणा व्यक्त गरेको देखिन्छ (पृ. ४४) ।

यसरी नै नेपाली लोकसाहित्यका अध्येता काजीमान कन्दङ्वाले *नेपाली जनसाहित्य* (२०२०) मा जहाँ जनसमूहका दैनन्दिनका भावनाहरू लयदार भाषामा खुलुलु बगेका हुन्छन्, यसैलाई लोकगीत वा जनगीत भनिन्छ भन्ने मान्यता राखेको पाइन्छ (पृ. १०) । लक्ष्मण लोहनीले रोदीघर ( २०२२) मा लोकगीत भावुक हृदयको स्पन्दनशील लयदार कवितामय सामयिक ध्वनि भएकाले जीवनको कटुता र खल्लोपनामा मनोहरताको मलम लगाउने काम गर्दछ भन्ने विचार व्यक्त गरेको देखिन्छ (पृ. १) । धर्मराज थापाले *गण्डकीका सुसेली* (२०३०) मा लोकगीत चोखो लय र शब्दको

प्रभावबाट उठी जनजीवनलाई प्रभाव पार्न सक्षम भएको मानव सिर्जनाको पहिलो प्रस्फुरण हो भन्ने धारणा व्यक्त गरेको देखिन्छ (पृ. ख) । नेपाली लोकसाहित्यका अध्येता शम्भु कोइरालाले *लोकसाहित्य* (२०५५) मा लोकगीत उन्मुक्त गलाबाट स्वतः निःसृत अनुभूतिको हार्दिक र तीव्रतर उच्छ्वासलाई कुनै शास्त्रीय नियमको पालना नगरी मार्मिक र हृदयस्पर्शी अभिव्यक्ति प्रस्तुत गर्दछ (पृ. ३४) भन्ने धारणा राखेको पाइन्छ ।

यसै गरी नेपाली लोकगीतका अध्येता कृष्णप्रसाद पराजुलीले *नेपाली लोकगीतको आलोक* (२०५७) मा लोकगीत लोकहृदयको स्वतःस्फूर्त सुकोमल, लयात्मक, अविच्छिन्न तथा सहज गीति प्रवाह भएकाले यसमा असङ्ख्य जनताका हृदयमा कलकलाउने लोकजीवनका रागात्मक ढुकढुकीहरू सुरिला कण्ठमा सल्बलाउने गरेको कुरा उल्लेख गरेका छन् (पृ. ६९-७०) । चूडामणि बन्धुले *नेपाली लोकसाहित्य* (२०५८) मा लोकगीत भनेको लोकजीवनको रागात्मक अभिव्यक्ति भएकाले यसमा लोकजीवनका दुःखसुख, आँसुहाँसो, आशा-निराशाका साथै लोकका चालचलन, विधिव्यवहार, आस्था र मान्यताहरूको चित्रण गरिएको हुन्छ भन्ने धारणा प्रकट गरेको देखिन्छ (पृ. ११५) । यसैगरी लोकसाहित्यका अध्येता मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले *लोकवार्ताविज्ञान र लोकसाहित्य* (२०६३) मा लोकभावना वा विचारको मौखिक एवम् श्रुतिपरम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने लयात्मक र गेय अवैयक्तिक भाषिक संरचनालाई लोकगीत भनेका छन् (पृ. ७४) । नेपाली लोकसाहित्यका अध्येता राजेन्द्र गिरीले *लोकसाहित्य परिचय* (२०७५) मा 'मानव हृदयका प्राकृतिक भावनाहरू तथा विविध अनुभूतिको स्वतःस्फूर्त अभिव्यक्ति भएको लोकसंस्कृति र लोकविश्वासको प्रभाव रहेको आनन्ददायक सङ्गीतबद्ध मौखिक परम्परामा जीवित लयपूर्ण मानव उद्गार लोकगीत हो' (पृ. १०) भन्ने धारणा राखेको पाइन्छ । यसरी नै नेपाली लोकगीतका अध्येता कपिलदेव लामिछानेले *लोकसाहित्य सिद्धान्त* (२०७७) मा लोकगीत परम्परित हुन्छ, यो हस्तान्तरणीय हुन्छ, यो लयात्मक र गेयात्मक हुन्छ, यसमा लोकभाषाको प्रयोग हुन्छ, यसको रचनाकार अज्ञात हुन्छ, यो सरल, संक्षिप्त र प्रभावकारी हुन्छ, यसमा आदिमता र नवीनताको संगम हुन्छ भन्दै लोकसमुदायले परम्परागत रूपमा गाउँदै र सुनाउँदै आएका गेयात्मक लोकसाहित्य लोकगीत हो, आख्यानमुक्त एवम् लघु आकारमा रहेको लोकगीतमा लोकसंस्कृति र लोकजीवनको जीवन्त झलक पाइन्छ (पृ. १२७) भनेर लोकगीतको परिभाषा पनि दिएको पाइन्छ ।

उल्लिखित विद्वान्हरूका लोकगीतसम्बन्धी परिभाषामा एकरूपता पाउन सकिँदैन । यी लोकगीत अध्येताका लोकगीतसम्बन्धी अभिलक्षण र लोकसाहित्यको अध्ययनबाट लोकगीतको परिभाषालाई यसरी प्रस्तुत गर्न सकिन्छ- *लोकगीत जनसाधारणको सुमधुर साङ्गीतिक अभिव्यक्ति*

*हो । यसमा मौखिक एवम् श्रुति परम्परामा पुस्तान्तरण हुँदै प्राचीन कालदेखि हालसम्मका लोकका भावना र विचारहरू प्रतिविम्बन भएका पाइन्छन् । संस्कृतिको संवाहकका रूपमा रहेको रसानुभूतियुक्त लोकजीवनको सामूहिक चेतनाको प्रतिफलका रूपमा प्रस्तुत भएको लयात्मक अभिव्यक्ति नै लोकगीत हो ।*

माथि चर्चा गरिएका लोकगीतका अध्येताका लोकगीतसम्बन्धी धारणाबाट लोकगीतका विशेषताहरूको अध्ययन गर्न सकिन्छ । लोकगीतलाई विशिष्टीकृत गरी यसलाई असाधारण, असामान्य वा विलक्षणपूर्ण बनाउने गुण नै लोकगीतका विशेषता हुन् । लोकगीतका आफ्नै प्रकारका विशेषताहरू रहेका पाइन्छन् । लोकगीतमा पाइने यसप्रकारका विशेषताहरूलाई निम्नानुसार प्रस्तुत गरिन्छ-

(१) मौखिक परम्परा तथा परिवर्तनशीलता, (२) सामूहिक भावभूमि, (३) अज्ञात रचनाकार र अज्ञात रचनाकाल, (४) अकृत्रिमता, (५) सरलता, सहजता र स्वच्छन्दता, (६) लयात्मकता तथा सङ्गीतात्मकता, (७) लोकतत्त्वको प्रयोग, (८) हार्दिकता, रागात्मकता र स्वतःस्फूर्तता, (९) स्वतन्त्रता र स्वच्छन्दता, (१०) विषयगत विविधता र (११) मनोरञ्जनात्मक एवम् पदेशात्मकजस्ता विशेषताहरू पाउन सकिन्छ (पुन, २०८१, पृ. १७) । लोकगीतका यी अध्येताहरूले लोकगीतका तत्त्वहरूका बारेमा पनि अध्ययन गरेको पाइन्छ । लोकगीत बन्नका लागि आवश्यक पर्ने उपकरणलाई लोकगीतका तत्त्व भनिन्छ । यी तत्त्व वा अङ्गका अभावमा लोकगीतको स्वरूप बन्न सक्दैन । लोकगीतका यी तत्त्वलाई उपकरण, अङ्ग, अवयव, संरचक घटक आदि नामले पनि चिन्ने गरिन्छ । यी अध्येताहरूका विचारबाट लोकगीतका अनिवार्य तत्त्वअन्तर्गत कथ्य वा विषयवस्तु, भाषा, संरचना (स्थायी, अन्तरा र थेगो), भाका (गति, यति, लय), सङ्गीत, काव्यात्मकता र उद्देश्य अनि ऐच्छिक तत्त्वअन्तर्गत निरर्थक अंश र फाँकी, वाद्य, नृत्य र अभिनय, आभूषण आदि तत्त्वहरू पाउन सकिन्छ (पुन, २०८१, पृ.९) । यसप्रकारका लोकगीतको सैद्धान्तिक धरातलमा केन्द्रित भएर आठहजारी तिजगीतको विश्लेषण गर्ने काम यस अध्ययनमा गरिन्छ ।

## अध्ययन विधि

लोकगीत सिद्धान्तका आधारमा आठहजारी तिजगीतको विश्लेषण शीर्षकको यो अनुसन्धानमूलक लेख गुणात्मक र प्रायोगिक अध्ययनमा आधारित छ । क्षेत्रकार्यबाट सङ्कलित सामग्रीको निर्मलीकरण गर्न लोकगीत सिद्धान्तको आधार लिइएको छ । लोकगीत सिद्धान्तका आधारमा तिजगीतको विश्लेषण गरिएकाले यो लेख गुणात्मक र प्रायोगिक अध्ययनमा आधारित छ । यस लेखमा सामग्री सङ्कलनका लागि क्षेत्रीय अध्ययन विधि र सङ्कलित सामग्रीको निर्मलीकरणका

लागि निगमनात्मक विधि र विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । प्रस्तुत अनुसन्धानमूलक लेखको सामग्री सङ्कलनका क्रममा समग्र अध्ययन क्षेत्रको भौगोलिक प्रतिनिधित्व हुने गरी सल्यान जिल्लाको कपुरकोट गाउँपालिका र रोल्पा जिल्लाको त्रिवेणी गाउँपालिकालाई अध्ययन स्थलका रूपमा छनोट गरी तिजगीतको सङ्कलन कार्य गरिएको छ । यी तिजगीतको सङ्कलन गर्न सहभागितामूलक अवलोकन, निरपेक्ष अवलोकन, सामूहिक छलफल विधिको उपयोग गरिएको छ । त्यसैले यस लेखको सामग्री सङ्कलनका निम्ति क्षेत्रीय अध्ययन विधिको उपयोग गरिएको स्पष्ट हुन्छ ।यस क्षेत्रका लोक गायकबाट सङ्कलन गरिएका तिजगीतको विश्लेषणका लागि विभिन्न विद्वान्का कृतिहरूलाई पनि आधार लिइएको छ । त्यसैले तिजगीत विश्लेषणका लागि पुस्तकालयीय कार्यको पनि प्रयोग गरिएको छ । यस क्षेत्रका समग्र तिजगीतको निर्मलीकरणका लागि लोकगीत सिद्धान्तको चर्चा गर्दै तिजगीतको विश्लेषण गरिएकाले परम्परागत निगमनात्मक विधिको सहायता लिइएको छ । यसका साथै लोकगीत सिद्धान्तलाई टेकेर तिजगीतका समग्र पक्षको विश्लेषण गरिएकाले यसमा आधुनिक विश्लेषणात्मक विधिको प्रयोग गरिएको स्पष्ट हुन्छ ।

## परिणाम तथा छलफल

आठहजारी तिजगीतहरू साहित्यिकताका हिसाबले सशक्त देखिन्छन् । लोकगीत तत्त्वका आधारमा यस क्षेत्रका तिजगीतको विश्लेषणका क्रममा लोकगीतका संरचनागत पक्ष र साहित्यिक पक्षको प्राप्त गर्नु नै यस अध्ययनको परिणाम हो । यसप्रकारको परिणाम प्राप्तिका लागि यी तिजगीतहरूको प्रस्तुति, विषयवस्तु, संरचना, साहित्यिकता र भाषाशैलीका विषयमा छलफल गर्ने कार्य यस अध्ययनमा भएको छ । यस अनुसन्धानमूलक लेखमा रहेका छलफलका विषयलाई निम्नानुसार प्रस्तुत गरिन्छ-

## तिजगीतको प्रस्तुति

यस क्षेत्रमा प्रचलित लोकगीतहरूमध्ये तिजगीत पनि एक हो । तिज पर्व हरेक वर्षमा भाद्र शुक्ल द्वितीयादेखि पञ्चमीसम्म मनाउने गरेको पाइन्छ । हिन्दु नारीहरूका लागि महत्त्वपूर्ण मानिने तिज पर्वमा द्वितीयाको दिन रातिसम्म बसेर व्रतालुहरू माछा, मासु, दुध, दही, रोटी, मिठाई आदि दर खाने परम्परा रहेको देखिन्छ । परम्परागत रूपमा यसप्रकारको प्रचलन भए तापनि हाल आएर श्रीकृष्ण जन्माष्टमीबाट नै घरघरमा आलोपालो गरी जमघट भएर दर खाने गरेको पनि पाइन्छ । दर खाने बेलादेखि नै तिजका गीतका साथ नृत्य प्रस्तुत गर्ने गरेको पाइन्छ । भाद्र शुक्ल तृतीयाको दिन हिन्दु नारीहरूले निराहार रही शिवपार्वतीको पूजा आराधना गर्ने प्रचलन रहेको भेटिन्छ । तिजमा व्रत

बस्नुका पछाडि अविवाहिता नारीहरूले योग्य वर पाउन र विवाहिता नारीले आफ्नो पतिको दीर्घायु अर्थात् अटल सौभाग्य, जन्मजन्मान्तरको पाप नाशका साथै सन्तानको कल्याणको अपेक्षा रहेको पाइन्छ । तिजमा धेरै महिलाहरू जम्मा भएर खुला ठाउँ, मन्दिर वरिपरि, घर आँगन, चौतारी आदिमा नाच्ने गाउने गर्दछन् । तिजको नाचगान कार्यक्रममा पुरुषहरूको सहभागिता पनि महत्त्वपूर्ण रूपमा रहेको पाइन्छ । सामान्यतया तिजका गीतहरू मादल, खैँजडी, मुजुरा, बाँसुरी बजाएर थपडी बजाउँदै गाउने गरिन्छ । वाद्य सामग्रीको अभाव भएको अवस्थामा भने थपडी मात्र बजाएर पनि तिजगीतहरू गाउने गरेको देखिन्छ । यी गीतहरू एकल वा समूह दुवै रूपमा गाउन सकिन्छ । समूहमा गाउँदा गीत जान्ने महिलाले गीत प्रारम्भ गर्ने र अन्य महिलाले स्वरमा स्वर मिलाई गीत छोप्ने गरेको पाइन्छ । गीत प्रस्तुतिका क्रममा सकेसम्म विवाहिता महिलाहरूले रातो कपडा साडीका साथै अटल सौभाग्यका सामानहरू टीका, पोते, चुरा, सिँदुर, गरगहना आदि पहिरिएको पाइन्छ । यस समयमा अविवाहित महिलाहरूले राम्रा रङ्गीबिरङ्गी नयाँ कपडाहरू पहिरिएको देखिन्छ । गीत र नृत्यलाई प्रभावकारी बनाउनका लागि हाल आएर विभिन्न सङ्घसंस्था आदिबाट तिजगीत तथा नृत्य प्रतियोगिताको आयोजना पनि गरेको पाइन्छ ।

## तिजगीतका विषयवस्तु

आठहजारी तिजगीतमा यस क्षेत्रका समाजमा पाइने विविध पक्षहरू विषयवस्तुका रूपमा समेटिएको पाइन्छ । विशेष गरेर यस क्षेत्रको भूगोल, समाज, धर्मसंस्कृति, आर्थिक, नारीजीवन, प्रकृति आदि पक्षहरू यी तिजगीतका विषयवस्तु बनेका पाइन्छन् । यी गीतमा पाइने विषयवस्तुहरूको निम्नानुसार अध्ययन गरिन्छ-

## भूगोल

आठहजार क्षेत्र सल्यान जिल्लाको दक्षिणपूर्वी भाग र रोल्पा जिल्लाको पश्चिम दक्षिणी भागमा पर्दछ । तुल्सीपुर दाङदेखि करिब १५ कि.मि. उत्तरी क्षेत्रबाट यस क्षेत्रको प्रारम्भ हुन्छ । यस क्षेत्रको प्रमुख व्यापारिक केन्द्र कपुरकोट बजार हो । सानातिना अन्य बजारहरूमा रिम शीतलबजार, बागटाडे, कोइला, छायानाथ, निगालपानी, सिमपानी, लिङ्दुङ, नेर्पा, गाङ, टिला बजार प्रमुख रूपमा रहेका छन् । यो क्षेत्र मध्यपहाडी क्षेत्रमा अवस्थित समशीतोष्ण जलवायु भएको क्षेत्र हो । यहाँ विभिन्न प्रकारका लेकबेसी, खोलानाला, भिरपाखा, जङ्गल, उकाली–ओराली, देउराली, भन्ज्याङ, चौतारी, छहरा झरना र पाखापखेराहरू पाइन्छन् । यहाँका गाउँबेसीको आह्लादकारी दृश्यावलोकन गर्न सकिने दयधुरी, थर्कोट, खानी, रुम्टी, झारखर्का, थुर्पा, दुम्ला, तिखुल्ले, तिलाचौर, झिन्वा,

चोलिफिजे, भ्याउखर्का, खर्सुवास लेकहरू रहेका छन् (पुन, २०७३, पृ. १०) । यहीँको भूगोल चबी खोला र रिम गाउँलाई विषय बनाएर प्रस्तुत गरिएका तिजगीतका नमुनाहरू यसप्रकार छन्-

गैराबारी अमिलाको बिरुवा, टिपन सकिन खाइन बरिलै
चबीपारि दिनु भयो बाबाले, तरन सकिन आइन बरिलै
हरिया चौरमा सुकिला जन्ती मैयाँलाई लिन आका बरिलै
धुरुमा धुरु नरोऊ मैयाँ नानी रिमाली साउका दिम्ला बरिलै

यसका साथै यस क्षेत्रको अन्य भूगोललाई समेत विषयवस्तु बनाएका तिजगीतहरू यहाँ प्रशस्त मात्रामा पाइन्छन् ।

**समाज**

आठहजार क्षेत्र बहुजातीय, बहुधार्मिक र बहुसांस्कृतिक समाज भएको क्षेत्र हो । खास गरेर यहाँ ब्राह्मण, ठकुरी, क्षेत्री, मतुवाला, योगी, मगर, नेवार, विश्वकर्मा, ताम्रकार, सार्की, गन्धर्व, दमाई र बादी जातिहरूको मिश्रित बसोबास भएको पाइन्छ । सङ्ख्यात्मक रूपमा मतुवाला, मगर र क्षेत्री जातिको बाहुल्यता रहेको छ भने ब्राह्मण, नेवार, विश्वकर्मा, सार्की दमाई जातिहरू मध्यम रूपमा र योगी, ताम्रकार, गन्धर्व, सुनार र बादी जातिहरूको सङ्ख्या एकदमै न्यून अवस्थामा रहेको छ । ब्राह्मण, विश्वकर्मा, सार्की, दमाई, ताम्रकार, सुनार र बादी जातिले धेरै मात्रामा जातीय पेसा अँगालेको पाइन्छ भने अन्य जातिले कृषि व्यवसाय गरेको पाइन्छ (पुन, २०७३, पृ. १२) । थोरै व्यक्ति मात्र अन्य पेसामा संलग्न रहेका छन् । ताम्रकारहरूले बनाएका थाल, बटुका आदि विषय प्रस्तुत गरिएको तिजगीत यसप्रकार छ-

हाम्रा बाबाले दिएको दाइजो थाल र बटुकी झालेमाले गाई
कैले काहिँ म माइत आउँदा हाँसेर बोले है मेरा दाजुभाइ

यहाँका बासिन्दाहरूमध्ये पुरुष जातिले इच्छाअनुसार कमिज, भोटो, सुरुवाल, धरो, कोट, टोपी, पाइन्ट, ज्याकेट, जाँघे, जुत्ता, चप्पल आदि र महिला जातिले इच्छाअनुसार गुन्यु, चोली, घलेक, पटुका, सारी, धोती, फरिया, ब्लाउज, कुर्ता, सुरुवाल आदि पोसाक पहिरिने गर्दछन् । चोली, गुन्यु, फरिया आदि विषयवस्तु प्रस्तुत गरिएको तिजगीत यसप्रकार छ-

चोली मेरो हरायो केरा घारीमा
कृष्णजीले पानी खाने सुनको झारीमा

यस गीतमा चोलीका स्थानमा गुन्यु, फरिया आदि शब्द राखेर अन्य शब्दलाई दोहोऱ्याएर गाएको भेटिन्छ । यसबाट के स्पष्ट हुन्छ भने यस क्षेत्रका लोकगीतमा यहाँको समाजसँग सम्बन्धित विषयवस्तुहरू प्रयोग भएका देखिन्छन् ।

**धर्मसंस्कृति**

यस क्षेत्रको समाजमा विभिन्न प्रकारका धार्मिक तथा सांस्कृतिक विशिष्टताहरू पाउन सकिन्छ । विशेष गरेर विभिन्न प्रकारका लवाइखवाइ, चाडपर्व, पूजापाठ, तीर्थव्रत, धर्मकर्म, कला, जात्रा, नृत्य, मानवीय संस्कारसँग सम्बन्धित अनेक धर्मसंस्कृतिहरू यहाँको समाजमा यत्रतत्र पाउन सकिन्छ । यहाँको समाजले परम्परागत रूपमा चलिआएका धामीझाँक्री, भूतप्रेत, देवीदेवता, बोक्सी, चुरेनी, तन्त्रमन्त्र, टुनामुनाजस्ता आध्यात्मिक मूल्य र मान्यता तथा नैतिक भावनामा समेत विश्वास गरेको पाइन्छ । यहाँको समाजमा सत्कर्म, सदाचार, सद्भाव, सद्व्यवहार आदिबाट विगतको पाप नष्ट, वर्तमानको सफलता, उज्ज्वल भविष्य र ब्रह्मप्राप्ति तथा मानव पुनर्जन्म हुन्छ भन्ने लोकविश्वास रहेको पाइन्छ (पुन, २०८१, पृ. ६६) । यस क्षेत्रका लोकगायकले यी र यस्तै धार्मिक तथा सांस्कृतिक पक्ष समेटिएका तिजगीतहरू गाउने गरेको पाइन्छ । महिलाहरूले पहिरिने विविध प्रकारका संस्कृतिको प्रतिनिधित्व गर्ने गरगहना र सौभाग्यका प्रतीक मानिने सिँदुर, पोते, टीका, चुरा आदिको चर्चा गरिएका तिजगीतका केही नमुनाहरू यहाँ निम्नानुसार प्रस्तुत गरिन्छ-

शिरमा लाउने शिरफूल कोले दियो नानीलाई, परदेशी केटाले दियो बरिलै
परदेशी केटाले मोहनी लाए छ, मन मेरो बिलरी भयो बरिलै

यस गीतमा शिरफूलको स्थानमा गली लाउने तिलहरी, नाकै लाउने नथिया, नारी लाउने बालाजस्ता गहनाहरूको उल्लेख गरेर गाउने गरेको पाइन्छ ।

तइँर तल टिकुलीको दोकान, किनु कि नकिनु चर्को मोल छ
किन्ने भए जल्दी किन्देऊ बाबाले, यो बाल बइँस जान लाग्यो

यस गीतमा टिकुलीको स्थानमा पोते, चुरा, रैँया आदि वस्तुको उल्लेख गरेर गाउने गरेको भेटिन्छ ।

गली लाउने तिलरी तइँ छ तखतैमा
नाच्न पाइन भनौले नाच बखतैमा

यस गीतमा पनि तिलहरीको स्थानमा शिरै लाउने शिरफूल, कानै लाउने कुन्नल, खुट्टा लाउने कलियाजस्ता गहनाहरूको उल्लेख गरेर गाएको पाइन्छ ।

यस क्षेत्रका बासिन्दाले अनेक प्रकारका कलाहरू पनि निर्माण गर्ने र बिक्रीवितरण गर्ने गरेको देखिन्छ । आफ्नो संस्कृतिको झलक दिने विभिन्न प्रकारका हस्तकलाहरू विशेष गरेर स्वर्णकलाहरू-तिलहरी, नौगेडी, ढुङ्ग्री, मारवाडी, शिरफूल, च्याप्टे, झुम्केबुलाकी, फुली, क्लिप, चन्द्रमा, औंठी, सिक्री, लट्कन, नेकलेस आदि, चाँदीकलाहरू– कल्ली, पाइजु, बाला, माला, औँठी, चुरी आदि, ताम्रकलाहरू-गाग्री, ताउला, हुन्डा, होत्तर, कर्चुला आदि, फलामकलाहरू– खुकुरी, हँसिया, चुलेसी, खुर्पा, ओदान, फरुवा, कुटो, कोदालो, चक्कु, बसुलो, बन्चरो आदि, काष्ठकलाहरू-कोर्रे, ठेकी, गाबु, मुकुण्डो, पिर्का, खुर्पेटो, देवीदेवताका मूर्ति आदि, वनस्पतिजन्यकलाहरू- डोको, राङ्के, डालो, छिट्टो, ढक्की, नाङ्लो, स्याउँ, मान्द्रो, डोक्सी, थुन्से, भार आदि शिल्पकलाहरू यहाँका बासिन्दाले बनाउने, उपयोग गर्ने र बिक्री पनि गर्ने प्रचलन छ । यस समाजमा परम्परागत रूपमा चलिआएका शिरफूल, तिलहरी, टिकुली, नथिया, बाला, बिज आदि शिल्पकलाहरू यहाँका तिजगीतका विषयवस्तु भएर प्रस्तुत भएका उदाहरणहरू यसप्रकार छन्-

शिरमा लाउने शिरफूल कन्तुरमा राखिथेँ उगारेर हेर्दा छैन बरिलै
कि त दियौ राजाले मनकी प्यारीलाई कि त फाल्यौ राजाले जूवा खेलेर
यो घरको सम्पत्ति नखाई नलाई सकियो पिपलपाते लहरीले कम्मर कसियो

यस गीतमा अन्य शब्दको पुनरावृत्ति गरी शिरफूलका स्थानमा गली लाउने तिलहरी, चानै लाउने टिकुली, नाकै लाउने नथियाजस्ता नयाँ शब्द थपेर गाउने गरेको पाइन्छ । यसप्रकारका धर्मसंस्कृतिसँग सम्बन्धित विषयवस्तुहरू यस क्षेत्रका तिजगीतमा समावेश भएको भेटिन्छ ।

**जीविकोपार्जन**

आर्थिक क्षेत्रमा पिछडिएको यस क्षेत्रको आयस्रोत भनेको कृषि, पशुपालन, फलफूल खेती, बेमौसमी तरकारी खेती र व्यापार नै हो । ब्राह्मण, दमाई, बादी, ताम्रकार, गन्धर्व, सुनार, सार्की र विश्वकर्माले आफ्नो जातीय पेसा अँगालेको पाइन्छ । अन्य जातिका धेरैजसो मानिसहरू कृषिमा निर्भर रहेको पाइन्छ । यहाँको धेरैजसो जग्गा जमिनमा धान, मकै, गहुँ खेतीका साथै बेमौसमी तरकारी खेती गरेको पाइन्छ । यसका साथै केही जग्गामा आलु, प्याज, अदुवा, तोरी, कोदो, भटमास, बदम (ममफली), सस्युँ खेती गरेको देखिन्छ । यस क्षेत्रमा विभिन्न प्रकारका कृषि कार्य गरिए पनि यहाँको प्रमुख आयस्रोत भने बेमौसमी तरकारी, फलफूल र अदुवा खेती नै मानिन्छ । अदुवालाई प्रशोधन नगरीकन बिक्री हुने भए तापनि प्रायःजसो अदुवालाई सुठो बनाएर बिक्री गर्ने यहाँको परम्परा छ । यहाँका बासिन्दाले टिमुर, बोझो, पख्खनवीर, दालचिनी, समायजस्ता जडीबुटीहरूको सङ्कलन गरेर पनि बिक्री वितरण गरेको भेटिन्छ । यस क्षेत्रमा बेमौसमी तरकारी खेतीका रूपमा

टमाटर, फुलगोभी, केराउ, भेडेखुर्सानी, सिमी, लौका, भान्टा, मुला, बन्दागोभी, काउली, काँक्रा आदि खेती गरिन्छ । यहाँ उत्पादित बेमौसमी तरकारी जेठ महिनादेखि मङ्सिर महिनासम्मको प्रत्येक दिन गाउँ-गाउँमा लाग्ने हाट बजारमा बिक्री गरेको पाइन्छ । तरकारी ओसार-पोसार गर्ने कैयौँ गाडीहरू दैनिक जसो यस क्षेत्रका गाँउगाँउ, टोलटोलमा जाने गरेको पाइन्छ । हाटबजारमा तरकारीका साथै आँप, सुन्तला, मौसम, अम्बा, कागती, अमिला, अमला आदि फलफूल पनि बिक्री गरिन्छ । बेमौसमी तरकारी खेती गर्न थालेपछि यहाँका बासिन्दाको आर्थिक अवस्थामा सुधार आएको देखिन्छ । यस क्षेत्रमा गहुँ, धान, मकैजस्ता खाद्यान्न जति उत्पादन भए पनि यहाँ खाद्यान्न परिपूर्ति गर्न अन्य स्थानबाट लिनुपर्ने बाध्यता छ । यहाँ पशुपालन व्यवसायको रूपमा गाई, भैँसी, सुँगुर, बँगुर, भेडा, बाख्रा आदि प्रमुख छन् । पशुपालनबाट पनि यहाँका बासिन्दाले प्रशस्त आर्थिक लाभ लिएको पाइन्छ । यस क्षेत्रका बासिन्दाको आर्थिक अवस्थाको प्रतिनिधित्व गर्ने सुन्तला, अमिला, कागतीजस्ता विषयवस्तु प्रस्तुत भएका तिजगीतका नमुनाहरू निम्नानुसार छन्-

पन्यारा पारि सुन्तलाको घारी
सुन्तलाको रसैले भिज्यो मेरो सारी

यही गीतमा सुन्तलाको सट्टामा अमिला, कागती, बेलौती आदि फलफूलको नाम पनि उल्लेख गरेर गाउने गरेको पाइन्छ । यसरी यस क्षेत्रका लोकगीतले यहाँका बासिन्दाको आर्थिक पक्षलाई पनि विषयवस्तु बनाएको प्रस्ट हुन्छ ।

**नारी जीवन**

यस क्षेत्रका तिजगीतमा नारीका जीवनसँग सम्बन्धित गीत पनि गाउने गरेको पाइन्छ । विशेष गरेर तिजगीतमा नारीका सुखका कुरालाई भन्दा दुःखका कुरालाई कतै कारुणिक र कतै विद्रोहात्मक रूपमा प्रस्तुत गरेको देखिन्छ । परम्परागत रूपमा चलिआएका विकृति र विसङ्गतिले उब्जाएका विभिन्न प्रकारका नारी समस्याहरू यस समाजमा यत्रतत्र पाउन सकिन्छ । मुख्य रूपमा बहुविवाह, बालविवाह, लिङ्गीय भेदभाव, बुहार्तनको कठिन जीवन, विधवा जीवन, सासू, ससुरा, लोग्ने तथा नन्द, अमाजूले दिएको यातना एवम् अपहेलनाजस्ता नारी समस्याहरू यस समाजमा पर्याप्त भेटिन्छन् । समाजमा विद्यमान यिनै नारीसमस्याहरू यहाँका तिजका गीतहरूमा पाइनु स्वाभाविकै हो । त्यसैले सामाजिक तथा पारिवारिक रूपमा पीडित महिलाहरूले गीतको माध्यमबाट अभिव्यक्त गरेका आफ्ना कारुणिक नारी जीवनका उदाहरणहरू यस्ता छन्-

करेली टिपेर भान्सैमा राखिथेँ, छारिनन् सासूले सिन्की पकाउन
छोरा पनि थिए छोरी पनि थिए, छारेनन् स्वामीले छोट्टी फकाउन

परेवाको घुरकी सुनी बिहानै उठौँला, बिहानै उठेर दैलो पोतौँला
खरी मेरी सासूको सर पुगौँला ।

तिजको दिन नजिकिँदै आउँदा चेलीहरूले माइतीको सम्झना गर्नु, साथी सँगिनाहरू भेला भएर पिङ खेल्ने, नाच्ने र सुखदुःखका गीतहरू एकै स्वरमा रमाउँदै गाउने कुराको कल्पना गर्न थाल्नु स्वाभाविकै हो । यसरी आँखाभरि उत्सुकता र मनभरि उल्लास लिएर आएको तिज पर्वमा कतिपय चेलीका बाबा तथा दाजुभाइ लिन नआएका र कतिपय चेलीलाई सासूले घरबाट माइती जान नदिएका घटनाहरू पनि यहाँको समाजमा देखिन्छन् । यस्तो अवस्थामा कतिपय चेलीले आफूलाई उचित ठाउँमा विवाह नगरिदिएको गुनासो आमाबाबुप्रति व्यक्त गरेको पनि पाइन्छ । यहाँका तिजगीतमा यस्तै प्रकारका अभिव्यक्तिहरू प्रचुर मात्रामा पाइन्छन्-

वर्ष दिनको तिजमा आमा लिन आउनु भो
पापिनी सासूले नजा भन्नु भो
माथिबाट सुवा चरी झऱ्यो बरिलै हरियो बिउ खान
हाम्रा बाबाले छोरी दिन जानेन् बरिलै दाङ छोरी प्यूठान

यौवन अवस्थामा युवतीहरू सुनका गहना, कपडा आदिप्रति आकर्षित हुनु वा ती वस्तुको अपेक्षा गर्नु स्वाभाविक मानिन्छ । यस अवस्थामा प्रेमीले प्रेमिकालाई यस्ता कपडा, गहना उपहार पनि दिएको पाइन्छ । प्रेमीका उपहार पहिरिएका युवतीहरू आकर्षक देखिएका हुन्छन् । यस्तो अवस्थामा युवायुवतीका बिचमा सुमधुर सम्बन्ध रहेको देखिन्छ । केही समय बिछोडिएका युवायुवतीहरू एउटाको सम्झनामा अर्काले विरही भएर दिन बिताइरहेका हुन्छन् । यसप्रकारको आफ्नो यौवन कालको इच्छा र आकाङ्क्षालाई मूल विषय बनाइएका यस क्षेत्रका तिजगीतका टुक्राहरू यस्ता छन्-

शिरमा लाउने शिरफूल कोले दियो नानीलाई परदेशी केटाले दियो बरिलै
परदेशी केटाले मोहनी लाए छ मन मेरो बिलरी भयो बरिलै
तइँर तल रिबनको दोकान किनु कि नकिनु चर्को मोल छ
किन्नी भए जल्दी किन्देऊ बाबाले यो बाल बइँस जान लाग्यो
पारि वन ऐँसेलु पाक्यो न्याउली चरीले खान लाग्यो
चारैमा बिदा देऊ माइती राजा सरकारे प्याउले जोवान जान लाग्यो

यसप्रकारका नारी जीवनका विषयवस्तुहरू यस क्षेत्रका तिजगीतमा पर्याप्त मात्रामा प्रयोग भएका देखिन्छन् ।

**प्रकृति**

यस क्षेत्रका तिजगीतमा प्रकृतिका अनेक पक्षहरूको जीवन्त चित्रण भएको पाइन्छ । मनमोहक एवम् मनोरम प्राकृतिक दृश्यले सिँगारिएको यस क्षेत्रका तिजगीतमा प्रकृतिका विषयवस्तु पर्याप्त मात्रामा पाइन्छन् । यहाँका तिजगीतमा खोला, नदी-नाला, बोट-बिरुवा, पशुपक्षी, बन-जङ्गल, फलफूल आदिको वर्णन पाइन्छ । यसका साथै समय समयमा फल्ने काफल, ऐँसेलु, सुन्तला, मेवा, केरा, अम्बा, मौसम, अमिलो, अङ्गुर, आँप, कागती आदि तथा तिनका बोटबिरुवाहरूको वर्णन यहाँका तिजगीतमा पाइन्छ । त्यस्तै गरेर यहाँका तिजगीतमा वातावरणलाई अत्यन्त मनमोहक बनाउने गुर्दौली, लालुपाते, लाउरे, गुलाफ, सयपत्री, मखमली, गोदावरी आदि फूलहरूको पनि चर्चा गरेको देखिन्छ । प्रकृतिका विभिन्न किसिमका उपहारमा रहेका पशुपक्षीहरू न्याउली, सुगा, कोइली, गौँथली, सारी, डाँफे, भिँगारी (भँगेरा), काग आदि पक्षी र गाई, गोरु, बाच्छी, कुकुर, भैँसी आदिको यहाँका तिजगीतमा विशेष उल्लेख भएको पाइन्छ । यी तिजगीतमा प्रकृतिकै उपजका रूपमा रहेका करेला, चिचिन्डा, फर्सी, लौका, भन्टा, काँक्रो, सिमी, बन्दागोबी, काउली आदि तरकारीहरूको समेत चर्चा भएको पाइन्छ । यस्तै प्रकारका प्रकृतिमध्ये सुन्तला, केरा, ऐँसेलु, काफल आदि फलहरूको वर्णन गरिएका तिजगीतका उदाहरणहरू यसप्रकार छन्-

पन्यारापारि सुन्तलाको घारी
सुन्तलाको रसैले भिज्यो मेरो सारी
पन्यारापारि केराको घारी
केराको रसैले भिज्यो मेरो सारी
पारि वन ऐँसेलु पाक्यो न्याउली चरीले खान लाग्यो
चाँरैमा बिदा देऊ माइती राजा सरकारे प्याउले जोवान जान लाग्यो ।

यसै गरी यहाँका तिजगीतमा प्रकृतिको अत्यन्त सुन्दर पक्षका रूपमा रहेका गुर्दौली, लालुपाते आदि फूलहरूको चर्चासमेत यसरी प्रकट भएको पाइन्छ-

बिहानै उठी पन्यारा जाँदा गुर्दौलीको फूलले बाटो छेकेको
धुरुमा धुरु नरुनु आमा यो बाल बैँसमा मर्नु लेखेको

यसरी नै यी तिजगीतमा विभिन्न प्रकारका पक्षीहरूको समेत उल्लेख गरिएको पाइन्छ । सुवाचरी, काली कौवाको वर्णन गरिएको तिजगीतको टुक्रा यसप्रकार छ-

माथिबाट सुवाचरी झर्‍यो बरिलै हरियो बिउ खान
हाम्रा बाबाले छोरी दिन जानेनन् बरिलै दाङ छोरी प्यूठान

प्रकृतिको बयानको सिलसिलामा भैँसीलाई विषयवस्तु बनाएर यहाँका तिजगीतमा यसरी प्रकाश पारिएको पाइन्छ-

घरमा रुन्छन् छोराछोरी गोठमा भैँसी कराउने,

जता जान्छन् स्वामीराजा उतै हराउने ।

यसरी प्रकृतिका अनेक उपहारका रूपमा रहेका फलफूल, तरकारी, पशुपक्षी आदिलाई यहाँका तिजगीतले आफ्ना विषयवस्तु बनाएको पाइन्छ ।

**तिजगीतका संरचना**

यस क्षेत्रमा प्रचलित तिजगीतहरू विभिन्न किसिमका आकार, प्रकार र लय लिएर संरचित भएका पाइन्छन् । यहाँका तिजका गीतहरू ११ अक्षरदेखि २५ अक्षरसम्मका पङ्क्तिहरूमा संरचित भएका पाइन्छन् । यी तिजगीतका प्रायःजसो श्लोकहरू दुई पङ्क्तिमा र केही श्लोकहरू तीन पङ्क्तिका संरचनामा प्रस्तुत भएका पाइन्छन् । यी तिजगीतका संरचनागत पक्षलाई निम्नानुसार प्रस्तुत गरिन्छ-

यस क्षेत्रमा पाइने तिजगीतहरूमध्ये पहिलो पङ्क्ति २६ अक्षर र दोस्रो पङ्क्ति २४ अक्षरका साथ प्रस्तुत भएको काली कौवा तिजगीतको उदाहरण यसप्रकार छ-

आँगनैको ढिकढाक काली कौवा काका के के ल्याइस काली कौवा समाचार

एकुमा समाचार कागतुको चिर्कटो दोस्रोमा समाचार तिमलाई लिन हो

यस गीतको पहिलो पङ्क्ति २+२, २+२, २+२+२, २+२, २+२, २+२ गति तथा चौथो, आठौँ, चौधौँ, अठारौँ र बाइसौँ अक्षरमा यति अर्थात् विश्राम र जम्मा २६ अक्षरका साथ प्रस्तुत भएको देखिन्छ । दोस्रो पङ्क्ति भने १+२, १+२, २+२+३, १+२, १+२, २+३ गति तथा तेस्रो, छैटौँ, तेह्रौँ, सोह्रौँ, उन्नाइसौँ अक्षरमा यति अर्थात् विश्राम र जम्मा २४ अक्षरका साथ प्रस्तुत भएको पाइन्छ ।

यसै गरी यहाँका तिजगीतमध्ये पहिलो पङ्क्ति २२ अक्षर र दोस्रो पङ्क्ति २५ अक्षर भएको मधुवन तिजगीतको टुक्रा यसप्रकार छ-

माथि हेर्दा कालो लेख कैलास, तल त बरिलै रैछ मधुवन

वर्ष दिनको तिजमा बाबा लिन नआउँदा, असारे झरी झैँ रुन्छ मेरो मन

यस गीतको पहिलो पङ्क्ति २+२, २+२+३, ३+३, २+३ गति तथा चौथो, एघारौँ, सत्रौँ र बाइसौँ अक्षरमा यति अर्थात् विश्राम र जम्मा २२ अक्षरका साथ प्रस्तुत भएको देखिन्छ । दोस्रो

पङ्क्ति भने २+२+३, २+२+३, ३+३, २+३ गति तथा सातौँ, चौधौँ, बिसौँ अक्षरमा यति अर्थात् विश्राम र जम्मा २५ अक्षरका साथ प्रस्तुत भएको पाइन्छ ।

यसरी नै पहिलो पङ्क्ति ११ अक्षर र दोस्रो पङ्क्ति १३ अक्षर भएको सुन्तलाको घारी तिजगीतको एउटा नमुना यस्तो छ-

पन्यारापारि सुन्तलाको घारी

सुन्तलाको रसैले, भिज्यो मेरो सारी

यस गीतको पहिलो पङ्क्ति ३+२, २+२+२ गति तथा पाँचौँ अक्षरमा यति अर्थात् विश्राम र जम्मा ११ अक्षरका साथ प्रस्तुत भएको देखिन्छ । दोस्रो पङ्क्ति भने २+२+३, २+२+२ गति तथा सातौँ अक्षरमा यति अर्थात् विश्राम र जम्मा १३ अक्षरका साथ प्रस्तुत भएको पाइन्छ ।

यसै गरी पहिलो पङ्क्ति १९ अक्षर र दोस्रो पङ्क्ति २१ अक्षर भएको हरियो बिउ खान तिजगीतको एउटा नमुना यस्तो छ-

माथिबाट सुवा चरी झऱ्यो बरिलै हरियो बिउ खान

हाम्रा बाबाले छोरी दिन जानेनन् बरिलै दाङ छोरी प्युठान

यस गीतको पहिलो पङ्क्ति २+२, २+२+२, ३+३+३ गति तथा चौथो, दसौँ अक्षरमा यति अर्थात् विश्राम र जम्मा १९ अक्षरका साथ प्रस्तुत भएको देखिन्छ । दोस्रो पङ्क्ति भने २+३, २+२+३, ३+३+३ गति तथा पाँचौँ, बाह्रौँ अक्षरमा यति अर्थात् विश्राम र जम्मा २१ अक्षरका साथ प्रस्तुत भएको पाइन्छ ।

यस क्षेत्रका तिजगीतमध्ये पहिलो र दोस्रो दुबै पङ्क्ति १९/१९ अक्षरको भएको बरको छाया तिजगीतको टुक्रा यहाँ प्रस्तुत गरिन्छ-

आँगनैभरि स्याउँली लाग्यो बरको बरिलै छायाले

बरेको नदी तरेर आएँ आमाको बरिलै मायाले

यस गीतका दुबै पङ्क्ति ३+२, ३+२, ३+३+३ गति तथा यतिको संरचनामा, पाँचौँ, दसौँ अक्षरमा यति अर्थात् विश्राम र जम्मा १९ अक्षरका साथ प्रस्तुत भएका देखिन्छन् ।

यसरी नै यहाँका तिजगीतमध्ये झन् झन् राम्री गीतको पहिलो पङ्क्ति १४ अक्षर र दोस्रो पङ्क्ति १३ अक्षरका साथ प्रस्तुत भएको पाइन्छ, जसको नमुना यसप्रकार छ-

शिरमा सिन्दूर लाएर झन् झन् नाम्री भएर

फर्की हेर स्वामीराजै कस्ती भएँ म

यस गीतको पहिलो पङ्क्ति २+२+३, २+२+३ गति तथा सातौँ अक्षरमा यति अर्थात् विश्राम र जम्मा १४ अक्षरका साथ प्रस्तुत भएको देखिन्छ । दोस्रो पङ्क्ति भने २+२, २+२, २+३ गति तथा चौथो र आठौँ अक्षरमा यति अर्थात् विश्राम र जम्मा १३ अक्षरका साथ प्रस्तुत भएको पाइन्छ ।

यस क्षेत्रमा प्रचलित तिजगीतमध्ये न्याउली चरी गीतको पहिलो पङ्क्ति १९ अक्षर र दोस्रो पङ्क्ति २१ अक्षरका साथ प्रस्तुत भएको पाइन्छ, जसको उदाहरण यसप्रकार छ-

पारि वन ऐँसेलु पाक्यो न्याउली चरीले खान लाग्यो

चाँरैमा बिदा देऊ माइती राजा सरकारे प्याउले जोवान जान लाग्यो

यस गीतको पहिलो पङ्क्ति २+२, ३+२, ३+३, २+२ गति तथा चौथो, नवौँ, पन्ध्रौँ अक्षरमा यति अर्थात् विश्राम र जम्मा १९ अक्षरका साथ प्रस्तुत भएको देखिन्छ । दोस्रो पङ्क्ति भने ३+२, ३+२, ३+२+२, २+२ गति तथा पाँचौँ, दसौँ, सत्रौँ अक्षरमा यति अर्थात् विश्राम र जम्मा २१ अक्षरका साथ प्रस्तुत भएको पाइन्छ ।

**तिजगीतमा साहित्यिकता**

आठहजार क्षेत्रका तिजगीतहरू साहित्यिक दृष्टिले पनि ओतप्रोत भएका देखिन्छन् । यहाँका तिजगीतमा विभिन्न प्रकारका मानवीय अन्तर्भावनायुक्त अभिव्यक्ति समावेश भएको पाइन्छ । यी गीतमा रसको प्राचुर्यता र अलङ्कारको सुन्दर संयोजन पनि भएको देखिन्छ । यहाँका तिजगीतमा आध्यात्मिक भावना तथा नारी जीवनका विविध पक्षको चित्रणसमेत गरेको भेटिन्छ । यी गीतमा शृङ्गार र करुण रस बढी मात्रामा र अन्य रसहरू एकदमै कम मात्रामा प्रयोग भएको पाइन्छ । घरायसी टिठ लाग्दो वातावरणमा जीवनयापन गर्न विवश नारीहरूको करुण भाव यहाँका तिजगीतमा यसरी व्यक्त भएका छन्-

शिरमा लाउने शिरफूल कन्तुरमा राखिथेँ, उगारेर हेर्दा छैन बरिलै

कि त दियौ राजाले मनकी प्यारीलाई कि त फाल्यौ राजाले जूवा खेलेर

यो घरको सम्पत्ति नखाई नलाई सकियो पिपलपाते लहरीले कम्मर कसियो

करेली टिपेर भान्सैमा राखिथेँ छारिनन् सासूले सिन्की पकाउन

छोरा पनि थिए छोरी पनि थिए छारेनन् स्वामीले छोट्टी फकाउन

जुवामा जुटेको रक्सीमा भुलेको

के काम लाग्यो स्वामी राजै बि.ए.परेको

यसै गरी युवायुवती बिचको प्रणय सम्बन्ध, लोग्ने स्वास्नी र आमा छोरी बिचको प्रेम भावना पोखिएका शृङ्गार भावयुक्त गीत पनि यहाँ प्रचुर मात्रामा पाइन्छ, जस्तै-

शिरमा लाउने शिरफूल कोले दियो नानीलाई, परदेशी केटाले दियो बरिलै
परदेशी केटाले मोहनी लाए छ, मन मेरो बिलरी भयो बरिलै
आँगनैभरि स्याउँली लाग्यो, बरको बरिलै छायाले
बरेको नदी तरेर आए आमाको बरिलै मायाले
शिरमा सिन्दुर लाएर, झनझन राम्री भएर
फर्की हेर स्वामी राजै कस्ती भएँ म

यस क्षेत्रका तिजगीतहरू अलङ्कारका हिसाबले पनि सशक्त देखिन्छ । अलङ्कारको सामान्य अर्थ गहना वा आभूषण हो । काव्यलाई शब्दार्थ रूपी गहना वा आभुषणले सिँगार्ने, सुशोभित पार्ने, सजाउने कामलाई काव्य वा साहित्यमा अलङ्कार भनिन्छ । यहाँका तिजगीतमा वृत्त्यनुप्रास प्रयोग भएका प्रशस्त उदाहरणहरू पाउन सकिन्छ । एउटा वर्ण वा अनेक वर्णको अनेक पल्ट आवृत्ति भयो भने वृत्त्यनुप्रास हुन्छ (पौड्याल, २०६९, पृ. २२३) । क्, ढ्, ल् वर्णको अनेक पटक आवृत्ति भएको वृत्त्यनुप्रासयुक्त तिजगीतको नमुना यसप्रकार छ-

आँगनैको ढिकढाक काली कौवा काका, केके लिइस काली कौवा समाचार
एकुमा समाचार कागतुको चिर्केटो, दोस्रोमा समाचार तिमलाई लिन हो ।

यसै गरी छेकानुप्रासले सजिएका तिजगीत पनि यहाँ पाइन्छन् । उही क्रममा व्यञ्जन वर्णहरू एकपटक मात्र दोहोरिएमा छेकानुप्रास हुन्छ । उद्भटले समान एवम् सुष्ठु (सुन्दर) दुई दुई स्वरव्यञ्जन समुदायको एकपटक आवृत्ति भएमा छेकानुप्रास हुने लक्षण प्रस्तुत गरेका छन् (इ. १९२५, पृ ४-६) ।गीतमा प्, क्, ढ्, ल्, क् व्यञ्जन वर्ण उही क्रममा एकपटक मात्र आवृत्ति भएको छेकानुप्रासयुक्त तिजगीतको सुन्दर नमुना यसप्रकार छ-

सानो सानो सुन्तलाको विरुवा फल्यो हे झप्पकै डाली थप्पकै
कि त नाँच ढल्की ढल्की मेरैमा, कि हेर नानीले बसी थप्पकै

यस क्षेत्रका तिजगीतमा शब्दालङ्कारका साथै अर्थालङ्कारको पनि प्रशस्त प्रयोग भएको पाइन्छ । अर्थगत विचित्रताका कारण अर्थालङ्कारले साहित्यलाई उजिल्याउने वा चमक पैदा गर्ने काम गर्छ । यस क्षेत्रका तिजगीतमा उपमा अलङ्कारको प्रयोग भएको पाइन्छ । उपमाको सामान्य अर्थ समता, तुलना वा दँजाइ हो । यसलाई नजिक वा छेउको रूपमा पनि अर्थ्याइन्छ । दुई पदार्थका बिच भिन्नता भएर पनि सादृश्य वा समानता देखाइयो भने त्यसलाई उपमा अलङ्कार भनिन्छ । भरतले गुण र आकृतिका आधारमा दुई पदार्थबिचको सादृश्य कथनलाई उपमा अलङ्कार मानेका

छन् (२०३९, पृ. २७३) । प्रस्तुत विषय रोइरहेको मनलाई अप्रस्तुत विषय असारे झरीसँग तुलना गरिएको उपमा अलङ्कारको प्रयोग भएको तिजगीतको उदाहरण यसप्रकार छ-

माथि हेर्दा कालो लेख कैलास, तल त बरिलै रैछ मधुवन

वर्ष दिनको तिजमा बाबा लिन नआउँदा, असारे झरी झैँ रुन्छ मेरो मन

यसै गरी यहाँका तिजगीतमा उत्प्रेक्षा अलङ्कारको पनि प्रयोग भएको देखिन्छ । प्रस्तुत कुरामा अप्रस्तुत कुराको सम्भावना वा कल्पना गर्नुलाई उत्प्रेक्षा अलङ्कार भनिन्छ।भामहले सादृश्य देखाउने मनसाय नभए पनि उपमेय र उपमानका बिचमा गुण, क्रियाबाट हल्का समानता भई अतिशय सम्भावनातर्फ प्रस्तुत हुनुलाई उत्प्रेक्षा अलङ्कार भनेका छन् (२०४२, पृ. ६५) । यहाँ प्रस्तुत कुरा कन्तुरामा राखेको शिरफूल नभेटिनुको कारण स्वामीले अर्कै प्रियालाइ दिएको वा जुवा खेलेर फालेको सम्भावना व्यक्त गरिएको तिजगीतको टुक्रा यसप्रकार छ-

शिरमा लाउने शिरफूल कन्तुरमा राखिथैँ, उगारेर हेर्दा छैन बरिलै,

कि त दियौ राजाले मनकी प्यारीलाई, कि त फाल्यौ राजाले जुवा खेलेर

यसरी नै यहाँका तिजगीतमा स्मरण अलङ्कारको पनि प्रयोग भएको भेटिन्छ । उपमान देखेर उपमेयको सम्झना गरिएमा स्मरण अलङ्कार हुन्छ । रुद्रटले कुनै पदार्थ विशेषलाई देखेर कालान्तरमा उस्तै पदार्थको सम्झना भएमा स्मरण अलङ्कार हुने लक्षण प्रस्तुत गरेका छन् (इ. १९६५, पृ. २९०) । यसबाट के भन्न सकिन्छ भने द्रष्टा वस्तु अनुभूत वस्तुको स्मारक भएमा स्मरण अलङ्कार हुन्छ । यस क्षेत्रका तिजगीतमा यस प्रकारका स्मरण गरिएका नमुनाहरू पर्याप्त पाउन सकिन्छ । यहाँ ऐँसेलु पाकेको देखी आफूमा जवानी चढेको सम्झना गरिएको र चरीले ऐँसेलु खाँदा विवाह गर्ने कुराको सम्झना गरिएको तिजगीतको अंश यसप्रकार छ-

पारि वन ऐँसेलु पाक्यो, न्याउली चरीले खान लाग्यो,

चारैमा बिदामा देऊ माइती राजा, सरकारे प्याउले जोवन जान लाग्यो

यसका साथै यस क्षेत्रका तिजगीतमा विम्बको सुन्दर प्रयोग भएको पाइन्छ । विम्बको सामान्य अर्थ वस्तुको छाया, अनुकृति वा कुनै कुराको आभास वा झलक भन्ने बुझिन्छ । साहित्यशास्त्रमा विम्बको अर्थ कुनै वस्तु वा पदार्थलाई काव्यमा प्रत्याङ्कन वा वस्तुको समान, सदृश चित्रण गर्नु हो । यहाँको कालीकौवा तिजगीतमा पनि विम्बको प्रयोग भएको पाइन्छ । काग विम्ब प्रयोग भएको तिजगीतको टुक्रा यसप्रकार छ-

आँगनैको ढिकढाक कालीकौवा काका के के लिइस कालीकौवा समाचार

एकुमा समाचार कागतुको चिर्केटो दोस्रोमा समाचार तमलाई लिन हो

यस गीतमा नजिकिँदै गरेको तिज पर्वका बारेमा वर्णन गरिएको छ । तिजका लागि माइतीको खबर लिएर काग आएको छ । उसले दुईओटा काम लिएर आएको छ । उसको पहिलो काम माइतीको पत्र छोरीलाई बुझाइदिनु हो भने दोस्रो काम आफ्नो साथमा छोरीलाई लिएर जानु हो । यसप्रकारको खबर लिएर आएको कागलाई आँगनको ढिकमा बसेको देखेपछि छोरीले माइती घरबाट के खबर लिएर आएको छस् भनेर सोधेकी छिन् । यसपछि कागले माइती घरको उक्त खबर बताइदिएको छ । यस गीतमा तिजको समयमा माइतीको खबर लिएको काग वैदिक कालदेखि चलिआएको विम्ब हो । काग भन्नासाथ खबर ओसारपसार गर्ने, साँचो कुरा बोल्ने पंक्षीको रूपमा बुझ्ने गरेको भेटिन्छ । प्रस्तुतबाट अप्रस्तुतको लाक्षणिक अर्थ बुझिएमा त्यसलाई विम्ब भनिन्छ । यसले वस्तुको प्रतिच्छायाका रूपमा विशिष्ट अर्थको बोध गराउँछ । सांसारिक वस्तु वा जीवनजगत्का व्यापक सन्दर्भबाट टिपिएका सामग्रीहरू नै विम्ब हुन् ( लुइटेल र लुइटेल, २०५४, पृ. ७) भने झैँ यस तिजगीतमा जीवनजगत्का व्यापक सन्दर्भबाट टिपिएको सन्देश वाहक काग विम्बको रूपमा प्रयोग भएको पाइन्छ ।

**तिजगीतमा भाषाशैली**

लोकगीतको प्रस्तुतिमा चमत्कार ल्याउन, भाव पक्षलाई रसमय गराउन र भाषिक पक्षलाई श्रुतिमाधुर्य बनाउन लोकगीतमा स्थानीय भाषिकाका विभिन्न भाषाशैलीको प्रयोग गरिएको हुन्छ । खास गरेर स्थानीय भाषिकाका शब्द, अनुकरणात्मक शब्द, समास, द्वित्व, थेगा वा रहनी, निपातजस्ता भाषाशैलीगत पक्षले लोकगीतलाई प्रभावकारी बनाएका हुन्छन् । यस क्षेत्रमा प्रचलित तिजगीतमा स्थानीय भाषिकाका शब्दहरू पर्याप्त मात्रामा प्रयोग भएका छन् । यहाँका लोकजनले आफ्ना मनका भावना पोख्ने क्रममा छोरी (छाडेर), बिउ (व्याड), मोल (मुल्य ), तइँ (त्यहाँ), सुकिला (सफा), सङ (साथी), बैनौली (बैनी), चाँरै (छिटो), लत्ता (ताँती), खरी (कर्कशा) आदि स्थानीय शब्दहरूको प्रयोग गरेको पाइन्छ । यी गीतमा अनुकरणात्मक र द्वित्व शब्द तथा तिनको प्रयोगले महत्त्वपूर्ण भूमिका खेलेका छन् । लोकजीवनले पचाइसकेका ढिकढाक, का का, झपक्कै, थपक्कै, लपक्कैजस्ता अनुकरणात्मक शब्द र झनझन, ढिकढाक, कालीकौवा आदि द्वित्व शब्दको प्रयोगले गीतलाई श्रुतिमाधुर्य र रसमय बनाउने काम गरेका छन् । यसै गरी नि, लै, त जस्ता निपात र बरिलै आदि थेगाको प्रयोगले अभिव्यक्तिमा चमक थप्ने काम गरेका छन् । बरिलै थेगाको प्रयोग गरिएको मधुवन तिजगीतको नमुना यसप्रकार छ-

माथि हेर्दा कालो लेख कैलास तल त बरिलै रैछ मधुवन

वर्ष दिनको तिजमा बाबा लिन नआउँदा असारे झरी झैँ रुन्छ मेरो मन

शैलीगत दृष्टिले हेर्दा यहाँका तिजगीतहरू वर्णनात्मक शैलीमा मानवीय जीवनका विविध पक्षको चित्रण पनि गरिएको देखिन्छ । यहाँका तिजका गीतहरू एकालापीय र समूहगत रूपमा समेत प्रस्तुत गरिएको पाइन्छ ।

**निष्कर्ष**

आठहजार क्षेत्र सल्यान जिल्लाको कपुरकोट गाउँपालिका र रोल्पा जिल्लाको त्रिवेणी गाउँपालिका अन्तर्गत पर्दछ । अनेक जातजाति भएका यस क्षेत्रका बासिन्दाको भाषिक पक्षमा एकरूपता देखिन्छ । यस क्षेत्रमा प्रचलित लोकगीतहरू मध्येको तिजगीत पनि एक हो । यस लेखमा तिजगीतलाई मूलतः लोकगीत सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । यसका लागि निगमनात्मक विधि र विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । विश्लेषणका क्रममा तिजगीत अटलसौभाग्यमा सामग्री पहिरिएर वाद्य सामग्रीसहित वा वाद्य सामग्री नभई ताली बजाएर नृत्यका साथमा प्रस्तुत गर्ने गरेको पाइन्छ । यसरी प्रस्तुत गरिएका तिजगीतमा यस क्षेत्रको भूगोल, समाज, धर्म संस्कृति, आर्थिक अवस्था, नारीजीवन, प्रकृतिजस्ता विषयवस्तु समेटेको देखिन्छ । संरचनाका हिसाबले यी तिजगीतहरू ११, १३, १९, २३ र २५ अक्षरका अनेक संरचनाका साथ प्रस्तुत भएका पाइन्छन् । यी तिजगीतहरू रस, अलङ्कार, विम्ब, प्रतीकजस्ता साहित्यिक विशेषताले ओतप्रोत भएका भेटिन्छन् । भाषाशैलीका हिसाबले यी तिजगीतहरूमा मूलः रूपमा खसानी उपभाषिका र आंशिक रूपमा पर्वती उपभाषिकाका स्थानीय शब्द, अनुकरणात्मक शब्द, द्वित्व, थेगा, रहनी र निपातको प्रयोग भएका पाइन्छन् । यसप्रकारको तिजगीतको अध्ययनबाट लोकगीतका अध्येता तथा लोकगीतप्रति चासो राख्ने व्यक्तिहरू विशेष लाभान्वित हुने देखिन्छ ।

## सन्दर्भ सामग्री


अनिल, सन्तराम (इ.१९७५). *कन्नोजा लोकसाहित्य.* अभिनव प्रकाशन एण्ड कम्पनी. ।

उद्‌भट (इ. १९२५). *काव्यालङ्कारसारसङ्ग्रह.* (नारायणदास वनहट्‌टी, अनु). नारायणदास लेखक ।

कन्दङ्वा, काजीमान (२०२२). *नेपाली जनसाहित्य.* रायल नेपाल एकेडेमी ।

कोइराला, शम्भु (२०५५). *लोकसाहित्य.* धरणीधर पुरस्कार प्रतिष्ठान ।

गिरी, जीवेन्द्रदेव (२०५७).लोकसाहित्यको *अवलोकन.*एकता प्रकाशन

गिरी, राजेन्द्र (२०७५). *लोकसाहित्य परिचय.* राजेन्द्र गिरी ।

थापा, धर्मराज (२०३०) *गण्डकीका सुसेली.* नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

परमार, श्याम (इ.१९६९). *मालवी लोकसाहित्य.* हिन्दुस्तानी एकेडेमी ।

पराजुली, कृष्णप्रसाद (२०५७). *नेपाली लोकगीतको आलोक.* वीणा प्रकाशन प्रा.लि. ।

पुन, डम्बरबहादुर (२०७३). *राप्ती आठहजार क्षेत्रमा प्रचलित नेपाली लोकगीतको अध्ययन* ( अप्रकाशित लघु अध्ययन). नेपाल सङ्गीत तथा नाट्य प्रज्ञाप्रतिष्ठान ।

पौड्याल कृष्णविलास, (२०६९).सृजना, शोधविधि र संस्कृत काव्यशास्त्र.अक्सफोर्ड बुक्स हाउस ।

बन्धु, चूडामणि (२०५८). *नेपाली लोकसाहित्य.* एकता बुक्स ।

भरत (२०३९). *भरतमुनिको नाट्‌यशास्त्र* (भट्‌टराई, गोविन्दप्रसाद अनु.). ने.रा.प्र.प्र. ।

भण्डारी, पारसमणि र पौडेल माधवप्रसाद (२०६५).*साहित्यशास्त्र र नेपाली समालोचना.* विद्यार्थी पुस्तक भण्डार ।

भामह (२०४२). *काव्यालङ्कार.* (देवेन्द्र शर्मा, भाष्य.). विहार राष्ट्रभाषा परिषद् ।

रुद्रट (इ. १९६५). *काव्यालङ्कार.* (सत्यदेव चौधरी, व्या). वासुदेव प्रकाशन ।

लामिछाने, कपिलदेव (२०७७). *लोकसाहित्य सिद्धान्त.* नेपाल प्रज्ञाप्रतिष्ठान ।

लुइटेल, खगेन्द्रप्रसाद र लुइटेल, लीला (२०५४), *नेपाली कवि र कविता* : विभु ऋभु प्रकाशन ।

लोहनी, लक्ष्मण (२०२२). *रोदीघर* (दो.सं.). लोकगीत प्रकाशन मण्डल ।

विश्वनाथ (इ. १९५७).*साहित्यदर्पण.* (सत्यव्रत सिंह, अनु.). चौखम्बा विद्या भवन ।

सत्येन्द्र (इ. १९७१). *लोकसाहित्य विज्ञान* (दो.सं.). शिवलाल अग्रवाल एण्ड कम्पनी ।

शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद (२०६३). *लोकवार्ता विज्ञान र लोकसाहित्य.* विद्यार्थी पुस्तक भण्डार ।